फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या:- ०८१/८२
चलानी नम्बर:- 9039

मिति:-२०८१/०५/२७
ने.सं.:-११४४ जलाथ्व ९, बिहीबार

विषय:- संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ मनाउने सम्बन्धमा ।

श्री कार्यालय प्रमुखज्यू,
जिल्लास्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थान (सबै), मकवानपुर ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
जिल्लास्थित पालिका (सबै), मकवानपुर ।

प्रस्तुत विषयमा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ मनाउने सम्बन्धी श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, हेटौडाको च.नं. ११३, मिति २०८१-०५-१९ को पत्र समेतको छायाँप्रति पाना ६ (छ) यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ भव्यताका साथ मनाउने सन्दर्भमा निर्णयमा उल्लेख भएबमोजिम गर्नु, गराउनु हुन आदेशानुसार अनुरोध छ ।

2081/5/26

सरोज प्रसाद पौडेल
प्रशासकीय अधिकृत

बागमती प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

पत्र संख्या :- २०८१।०८२
चलानी नं. :- ११२

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मितिः २०८१।०५।१९

**विषयः संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ मनाउने सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय,
मकवानपुर ।

उपर्युक्त सम्बन्धमा बागमती प्रदेशमा **संविधान दिवस तथा राष्ट्रिय दिवस**, २०८१ भव्यताका साथ मनाउने सन्दर्भमा माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०८१।०५।१८ गते बसेको बैठकको निर्णयको प्रतिलिपि आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न गरी पठाईएको बेहोरा निर्णयानुसार अनुरोध छ ।

सूचना प्रविधि
फाइल तर्जा,
कार्यालयका सबैलाई जानकारी गराई
निर्णयमा लेखिए बमोजिम
गर्न लगाउने गरी सबै
कार्यालय प्रमुखलाई लेखी
पठाउ ।
(हस्ताक्षर)
२०८१।५।२०

(हस्ताक्षर)
रबिता कार्की
अधिकृत आठौं

फोन नं.०५७५२७५१-५, ०५७५२७५-१२ र ०५७ ,५२७५१३-टोल फ्रि नं: १६६०५७५२५१२,
इमेल :moial@bagamati.gov.np बेबसाईट:https://:www.moial.bagamati.gov.np
फोन नं.: ०५७-५२२८४१, ५२७५१२, ५२७५१४ फ्याक्सः ०५७-५२७५१५, Email: moial@bagamati.gov.np

निर्णय नं. १

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ भव्यरुपमा मनाउने सन्दर्भमा बागमती प्रदेश सरकारका माननीय मुख्यमन्त्री बहादुर सिंह लामा तामाङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरू रहेको **"प्रदेशस्तरीय संविधान दिवस तथा राष्ट्रिय दिवस समारोह समिति, २०८१"** गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| १ | माननीय मुख्यमन्त्री | अध्यक्ष |
| २ | प्रदेश सभाका माननीय सभामुख | सदस्य |
| ३ | माननीय मन्त्री, सबै मन्त्रालय | सदस्य |
| ४ | प्रदेश सभाका माननीय उपसभामुख | सदस्य |
| ५ | प्रदेश सभाको माननीय विपक्षी दलको नेता | सदस्य |
| ६ | प्रदेश सभाको विभिन्न विषयगत समितिका माननीय सभापती | सदस्य |
| ७ | प्रदेश सभाको माननीय सदस्यहरु | सदस्य |
| ८ | जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख | सदस्य |
| ९ | प्रमुख सचिव | सदस्य |
| १० | उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| ११ | सदस्यहरु, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| १२ | हेटौंडा उपमहानगरपालिकाका प्रमुख | सदस्य |
| १३ | उच्च अदालत पाटन हेटौंडा इजलासका मा.न्यायाधिश | सदस्य |
| १४ | मुख्य न्यायाधिवक्ता | सदस्य |
| १५ | प्रदेश लोक सेवा आयोगका अध्यक्ष | सदस्य |
| १६ | नेपाली सेनाका उपरथी | सदस्य |
| १७ | प्रदेश लोक सेवा आयोगका सदस्यहरु | सदस्य |
| १८ | जिल्ला समन्वय समिति मकवानपुरका उपप्रमुख | सदस्य |
| १९ | हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख | सदस्य |



मुख्यमन्त्री

| | | |
|---|---|---|
| २० | प्रदेश सभा सचिव | सदस्य |
| २१ | प्रदेश प्रमुखको कार्यालयका सचिव | सदस्य |
| २२ | प्रदेश सचिव, सबै मन्त्रालय | सदस्य |
| २३ | जिल्ला अदालत मकवानपुरका माननीय जिल्ला न्यायाधिशहरु | सदस्य |
| २४ | मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी | सदस्य |
| २५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रादेशिक कार्यालयको प्रमुख | सदस्य |
| २६ | हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| २७ | नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक | सदस्य |
| २८ | सशस्त्र प्रहरीका प्रहरी नायब महानिरीक्षक | सदस्य |
| २९ | राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक | सदस्य |
| ३० | सञ्चार रजिष्ट्रार | सदस्य |
| ३१ | प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव | सदस्य |
| ३२ | प्रदेश युवा परिषद्का उपाध्यक्ष | सदस्य |
| ३३ | प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष | सदस्य |
| ३४ | प्रदेश सहकारी बोर्डका उपाध्यक्ष | सदस्य |
| ३५ | बागमती प्रदेश उद्योग वाणिज्य संघका अध्यक्ष | सदस्य |
| ३६ | पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष | सदस्य |
| ३७ | नेपाल रेडक्रस सोसाइटीका प्रदेश अध्यक्ष | सदस्य |
| ३८ | हस्तकला संघका प्रदेश अध्यक्ष | सदस्य |
| ३९ | पत्रकार महासंघ मकवानपुरका अध्यक्ष | सदस्य |
| ४० | नारायणी यातायात व्यवसायी संघको अध्यक्ष | सदस्य |
| ४१ | नेपाल बार एशोसियसन मकवानपुरका अध्यक्ष | सदस्य |
| ४२ | गै.स.स महासंघ मकवानपुरका अध्यक्ष | सदस्य |
| ४३ | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव | सदस्य सचिव |



मुख्यमन्त्री

निर्णय नं. २

बागमती प्रदेशमा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ भव्यताका साथ मनाउन देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरियो।

क) असोज १ गते सामाजिक विकास मन्त्रालयले **"संविधान कार्यान्वयनका नौ वर्ष: उपलब्धि र चुनौती"** विषयक प्रदेश राजधानी रहेको जिल्लाका क्याम्पसस्तरीय निबन्ध प्रतियोगिता आयोजना तथा व्यवस्थापन गर्ने। निबन्ध प्रतियोगिताका विजेता विद्यार्थीहरुलाई समारोहको कार्यक्रममा पुरस्कार वितरण गर्ने व्यवस्था मिलाउने।

ख) वन तथा वातावरण मन्त्रालयले उपयुक्त स्थान पहिचान गरी वृक्षारोपण कार्यक्रमको आयोजना तथा व्यवस्थापन गर्ने।

ग) युवा तथा खेलकुद मन्त्रालय र खेलकुद परिषदले राष्ट्रसेवक र नागरिकको सहभागिता हुनेगरि खेलकुद कार्यक्रम आयोजना तथा व्यवस्थापन गर्ने।

घ) स्वास्थ्य मन्त्रालयले अस्पताल तथा विभिन्न संघसंस्थासँगको समन्वयमा स्वास्थ्य सम्बन्धी शिविर सञ्चालन, अपाङ्गता भएका व्यक्तिहरुलाई कृत्रिम अङ्ग प्रदान र हेटौंडामा रक्तदान कार्यक्रमको आयोजना तथा व्यवस्थापन गर्ने।

ङ) संविधान दिवसको अवसरमा सम्बन्धित मन्त्रालय/कार्यालयहरुले आफ्नो कार्यालय, परिसर सरसफाई गर्ने। साथै, असोज ३ गते नगर क्षेत्रको विशेष सरसफाई कार्यक्रमको आयोजना हेटौंडा उपमहानगरपालिकाले गर्ने।

च) असोज ३ गते बिहान ७:०० बजे हेटौंडाको भुटनदेवी मा.वि को चौरमा भेला भई स्कूल रोड-बुद्धचोक-चौकिटोल-मानस चोक हुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणसम्म व्याण्ड बाजा सहितको प्रभातफेरी आयोजना गर्ने। उक्त प्रभातफेरीमा समारोह समितिका सदस्यहरुको सहभागिताका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले समन्वय गर्ने । सुरक्षा निकायहरुले आपसी समन्वयमा व्याण्ड बाजाको व्यवस्था गर्ने। सो कार्यक्रम अवधिभर ट्राफिकको विशेष व्यवस्थापन नेपाल प्रहरीले गर्ने।

छ) प्रभातफेरी पश्चात मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणमा **"प्रदेशस्तरीय संविधान दिवस तथा राष्ट्रिय दिवस समारोह समिति, २०८१"** को उपस्थितिमा समारोह आयोजना गर्ने। सो कार्यक्रमको लागि मञ्च एवम् चियापानको व्यवस्था आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने।



मुख्यमन्त्री

ज) प्रभातफेरी कार्यक्रममा शैक्षिक संस्थाबाट शिक्षक तथा विद्यार्थीको सहभागिताका लागि हेटौंडा उपमहानगरपालिकाले समन्वय गर्ने।

झ) असोज ३ गते हुने प्रभातफेरी र समारोहमा हेटौंडास्थित तीनै तहका सरकारी कार्यालयहरुले ब्यानर सहित तोकिएको पोसाकमा कर्मचारीहरु उपस्थित गराउने व्यवस्था मिलाउने।

ञ) असोज ३ गतेको प्रभातफेरी कार्यक्रममा मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिका बाहेकका स्थानीय तहको स्थानीय संस्कृति तथा भेषभूषा झल्कने झाँकी प्रदर्शन गर्नका लागि जिल्ला समन्वय समिति मकवानपुरले समन्वय गर्ने। साथै, उक्त कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाले आफ्नो स्थानीय संस्कृति तथा भेषभुषा झल्कने झाँकी प्रदर्शनीको व्यवस्था मिलाउने।

ट) असोज ३ गतेको समारोहमा प्रदेश सरकारको तर्फबाट माननीय प्रदेश प्रमुखज्यूलाई प्रमुख अतिथि एवम् माननीय सभामुखज्यूलाई विशेष अतिथिको रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले आमन्त्रण गर्ने ।प्रमुख अतिथिको लागि सलामीको व्यवस्थापन नेपाली सेनाको नेतृत्वमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रुपमा आपसी समन्वयमा गर्ने ।

ठ) बागमती प्रदेश सभामा विपक्षी दलका नेता, बागमती प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै दलका नेता, विभिन्न विषयगत समितिका माननीय सभापति र प्रदेश सभाका माननीय सदस्यहरुलाई प्रदेश सभा सचिवालयमार्फत निमन्त्रणा गर्ने।

ड) प्रभातफेरी र समारोहमा स्थानीय तह, राजनैतिक दल, गैर सरकारी संघसंस्था, उद्योग वाणिज्य संघ लगायत आम नागरिकको अधिक सहभागिताको संयोजन जिल्ला समन्वय समिति, मकवानपुरले गर्ने।

ढ) प्रदेशका सबै सरकारी निकाय/कार्यालयहरूले आफ्नो कार्यालय परिसरमा राष्ट्रिय झण्डा फहराउने। प्रदेश राजधानीको बुद्ध चोक र बसपार्कमा राष्ट्रिय झण्डा फहराउने व्यवस्था आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने।

ण) असोज २,३ र ४ गते साँझ तीनै तहका सरकारी निकाय/कार्यालयहरू, सामुदायिक संघसंस्था, शैक्षिक प्रतिष्ठान तथा अन्य सार्वजनिक निकायले दीप प्रज्ज्वलन गर्ने।

त) प्रदेशवासी आम नगारिकहरुलाई समेत असोज २, ३ र ४ गते आ-आफ्नो घर परिसरमा राष्ट्रिय झण्डा सजाउन र दीपावली गर्न बागमती प्रदेश सरकारका प्रवक्ता मार्फत अनुरोध गर्ने।

थ) बागमती प्रदेशभरि सार्वजनिक सवारी साधनहरुमा तीनै दिन राष्ट्रिय झण्डा फहराउने व्यवस्था नारायणी यातायात व्यवसायी संघले मिलाउने।



मुख्यमन्त्री

द) २०८० सालको एस.ई.ई.(SEE) परीक्षामा सामुदायिक माध्यामिक विद्यालयबाट सहभागी भई प्रदेशस्तरमा सर्वोत्कृष्ट जि.पि.ए.(GPA) प्राप्त गर्ने एक जना छात्रा र एक जना छात्रलाई सामाजिक विकास मन्त्रालयले नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गर्ने ।

ध) सबै मन्त्रालय/निकायहरूले असोज २,३ र ४ गते आफ्नो वेबसाइटको होमपेजमा **"संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ भव्य रूपले मनाऔं"** सम्बन्धी पपअप आउने व्यवस्था मिलाउने।

२०८१।५।१८

मुख्यमन्त्री